जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)–०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४२ अंक १९ २०८० साल पुस १ गते आइतवार (17 Dec. 2023 Sunday) मूल्य रु. ७/-

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।**

*यस अंक भित्र* – **पृष्ठ २ मा :** विभिन्न माग राख्दै हरवा ... **पृष्ठ ३ मा :** अपराधको राजनीतीकरणको ... **पृष्ठ ४ मा :** बच्चाको वृद्धि अनुगमनमा ... **पृष्ठ ५ मा :** प्रतिष्ठान निर्माणका लागि ...

## हरेराम, हरेकृष्णाले राजविराज गुञ्जयमान



**राजविराज**/श्री जगन्नाथ रथ यात्राको क्रममा शनिवार राजविराज हरेराम हरेकृष्णा नाराले गुञ्जयमान भएको छ ।

चार दिवसीय जगन्नाथ रथ यात्रामा महामहोत्सवको अन्तिम दिन निकालिएको रथयात्रमा सहभागी हजारौ भक्तजनले नाचगान गर्दै लगाएको हरेराम, हरेकृष्णको नाराले नगरलाई गुञ्जयमान बनाएको हो ।

झण्डै १५ हजार भन्दा बढी भक्तजनको सहभागितामा जगन्नाथ रथयात्रा महामहोत्वसव आयोजक समिति सप्तरीको अगुवाईमा स्थानीय लक्ष्मी नारायण राधा कृष्ण मन्दिर प्रागंणबाट निस्केको रथयात्रा नगरको विभिन्न भागको परिक्रमा गरेको थियो ।

रथयात्रामा आपसी सदभावको उदाहरण प्रस्तुत गर्दै फरक धर्म मुस्लिम समुदायकी राजविराज गरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीन पनि सहभागी भईन ।

हिन्दू धर्मावलम्बीहरुले रथयात्राको आयोजना गरेपनि आफ्नो सबै धर्म प्रति उत्तिकै सम्मान र सदभाव रहेकोले उक्त धार्मिक यात्रामा सहभागी भएको र यसले हिन्दु-मुस्लिमबीचको सम्बन्ध अझै प्रगाढ बनाउने उनले विश्वास ब्यक्त गरिन ।

धार्मिक दृष्टिकोणले रथयात्रा निकै महत्वपुर्ण मानिएको तथा यसबाट विश्वशान्ति तथा मानव कल्याण हुने विश्वस गरिएको आयोजक समितिका संयोजक हितेश यादवले बताए ।

चार दिवसीय महात्वस कार्यक्रम अर्न्तगत यस अघि तीन दिन सम्म स्थानीय लक्ष्मी नारायण राधाकृष्ण मन्दिरमा

*बाँकी अन्तिम पृष्ठमा*

## प्रतिष्ठान मधेश प्रदेशको मात्र नभई समग्र मुलुककै गौरवको रुपमा रहेको छ : कानुन मन्त्री गुरुङ



**राजविराज**/कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्री धनराज गुरुङले रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान मधेश प्रदेशको मात्र नभई समग्र मुलुककै गौरवको रुपमा रहेको बताएका छन् ।

शनिबार नेपाल कांग्रेस सप्तरीको राजविराजस्थित पार्टी कार्यालयमा पत्रकारहरुसँग कुरा गर्दै मन्त्री गुरुङले प्रतिष्ठानको काम अघि बढाउन आवश्यक पर्ने कानुन छिट्टै कार्यान्वयनमा आउने जनाए ।

राजविराजमा सवा दुई वर्ष अघि शिलान्यास गरि अलपत्र अवस्थामा रहेको रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण कार्य अविलम्ब सुरु गर्न आफूले आवश्यक पहल गरिरहेको जानकारी दिँदै प्रतिष्ठानका लागि कानुन बनाउन विधेयक आवश्यक पर्ने हुँदा सम्बन्धीत मन्त्रालयका मन्त्रीलाई छिट्टै विधेयक ल्याउन ताकेता गरिरहेको बताए ।

उनले सम्बन्धी मन्त्रालयका मन्त्रीबाट आएको विधेयक मन्त्रिमण्डलमा जाने र त्यहाबाट अनुमोदन भई संसदमा पुग्ने प्रक्रिया रहेको स्पष्ट पारेका छन् ।

विधेयक समितिका सभापति समेत रहेका मन्त्री गुरुङले संसदले अनुमोदन गरेपछि उक्त बिधेयक आफ्नो समितिमा आउने र त्यसपछि आवश्यक प्रक्रिया अघि बढ्ने समेत स्पष्ट पारेका छन् ।

नेपाली कांग्रेसका उपसभापति समेत रहेका मन्त्री गुरुङकस्ले पार्टी संगठन बलियो बनाउन गत निर्वाचनमा जितेका र पराजित भएकाबीच कुनै भेदभाव नगरि समान ढंगको ब्यवहार र सँगै लिएर जानु आवश्यक रहेको समेत बताए ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य तेजुलाल चौधरी, केन्द्रिय सदस्य प्रकाश रसाइली, पार्टीका सप्तरी सभापति रामदेव साह, उपसभापति रामकुमार यादव, सचिव सनत मण्डल लगायतको पनि उपस्थित रहेको थियो ।

## आफूलाई बदनाम गर्न श्रृंखलाबद्ध रुपमा गलत सुचना प्रवाह : अध्यक्ष यादव




**राजविराज**/सप्तरीको रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवले केही विपक्षीहरुले सामाजिक सञ्चालको दूरुपयोग गर्दै श्रृंखलाबद्ध रुपमा गलत सुचना प्रवाह र अफवाह फैलाउने काम गरिरहेको गुनासो गरेका छन् ।

गाउँपालिका कार्यालयको सभाकक्षमा शनिबार पत्रकार सम्मेलनको आयोजना गरी उनले गुनासो पोख्दै आफु विरुद्ध विपक्षीले फैलाउने गरेको अफवाह प्रमाणित गरेर देखाउन चुनौती समेत दिए ।

उनले केही दिन अघि स्थानीय एक विपक्षीले आफु माथी मोवाईल र नगद लुटपाट गरेको झुटो आरोप सहित प्रहरीमा उजुरी दिने प्रयास गरेको र सो विषयलाई समाजिक सञ्जाल मार्फत समेत बढाई चढाई प्रचारबाजी गरी आफ्नो चरित्र हत्यको प्रयास गरेको दाबीका साथ आरोप प्रमाणित भए जुनसुकै सजाय भोग्न तयार रहेको बताए ।

*बाँकी अन्तिम पृष्ठमा*

**प्रदुषण रोकौं, स्वस्थ बनौं ।**

**वातावरण प्रदुषणका कारणहरु:**

- अव्यवस्थित औद्योगिकीकरण,
- प्राकृतिक स्रोत साधनको जथाभावी उत्खनन,
- जथाभावी फोहर विसर्जन,
- प्रदुषणको मापदण्ड भित्र नपरेका सवारीसाधनको प्रयोग,
- वन-जङ्गलको विनाश,
- प्लाष्टिकको प्रयोग,
- प्लाष्टिकलगायत अन्य वस्तु जलाउनु,

यस्ता कार्य नगरौं/नगराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जतिसक्दो चाडै समस्या समाधान गर

जनता समाजवादी पार्टी (जसपा) नेपाल सप्तरीमा आन्तरिक द्वन्द्व बढेका कारण भाँडभैलो नै मच्चिएको छ। भाँडभैलो मच्चिएपछि संस्थापन पक्ष र असन्तुष्ट पक्षद्वारा एक अर्का माथी पार्टी हित विपरीत गतिविधी गरेको आरोप-प्रत्यारोप सहित निष्काशन र जिल्ला हुदै क्षेत्र, नगर तथा गाउँपालिकाहरुमा समेत छुट्टाछुट्टै समिति पुर्नगठन र निर्माण गर्ने कार्य तिव्र बनाएका छन्। जिल्ला देखि पालिकास्तरमा गठित दुईवटा समितिले एक अर्कालाई अवैधानिक र आफुलाई वैद्यानिक भएको दाबी गर्दै विभिन्न गतिविधी अघि बढाएको छ।

आन्तरिक विवाद चर्किंदै गएपछि पार्टीका नेता कार्यकर्ता स्पष्ट रुपमा दुई खेमामा बाडिएका छन्। यसले पार्टीभित्र असन्तुष्टि नयाँ नभएर पुरानै रहेको र समयपरिस्थीती अनुसार हाल बाहिर देखिएको हो। यता कुनै पक्षमा नलागेर स्वतन्त्र भई वसेका कार्यकर्ताहरुमा अन्यौलता र निराशा छाएको छ। जिल्ला समिति दुई चिरामा देखिएपनि प्रदेश समिति भने संस्थापन पक्षकै अधिनमा रहेको छ। यसरी मधेश केन्द्रित दल मध्ये ठूलो दल जसपा सप्तरी र पर्सा जिल्ला समितिमा विवाद देखिएको छ। यो समस्याप्रति केन्द्रिय समिति गम्भिर हुनु आवश्यक छ।

पार्टी भित्र देखिएको आन्तरिक विवाद जतिसक्दो चाडै समाधान गरेर अगाडी बढ्न सके नेता कार्यकर्ताहरुमा पनि मनोबल बढ्ने छ। तसर्थ प्रदेश र केन्द्रिय समितिले यस्ता विवादमा समय खेर नफ्याली समाधान गर्नेतर्फ अग्रसर भएमात्र नेता कार्यकर्ताहरु पार्टीप्रति जवाफदेहिता हुन्छन् होइन भने समयका साथ साथै कार्यकर्ताहरु अन्य पार्टीमा जान सक्ने सम्भावना पनि बढ्दै जाने छ।

# विभिन्न माग राख्दै हरवा चरवाद्वारा प्रदर्शन




**राजविराज**/सप्तरीका हरवा चरवाहरुले विभिन्न चार बुंदे माँग अघि सार्दै राजविराजमा प्रर्दशन गरेका छन्।

अन्तराष्ट्रिय मानवअधिकार दिवसको अवसर पारेर जिल्ला हरवा चरवा अधिकार मञ्चको अगुवाइमा सो प्रर्दशनसहित प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाइएको छ।

मञ्चका जिल्ला अध्यक्ष देवलाल रामद्वारा प्रमुख जिल्ला अधिकारी किरण थापालाई बुझाइएको ज्ञापन पत्रमा हरवा चरवाको लगत, प्रमाणिकरण र परिचय पत्र वितरण प्रकृया अविलम्ब थालनी गर्न, सरकारद्वारा बजेट तय गरिएको हरवा चरवा लक्षित कार्यक्रममा हरवा चरवाको पहुँचको सुनिश्चितता गर्न तथा हरवा चरवाको यकिन तथ्याङ्कको आधारमा भुमि, आवास, शिक्षा, सिप, विकास र स्वास्थ्यमा पहुँचको वातावरण सुनिश्चित गर्न माँग गरिएको छ।

उठीवास हुने अवस्था तत्काल बन्द गरी उनीहरुको नाममा रहेको सम्पुर्ण ऋृण खारेज, श्रम अनुसारको ज्याला निर्धारण, सुरक्षित वास र परिवार जनसंख्याका आधारमा जग्गा सहित पुनः स्थापित गराईनु पर्ने माँग उनीहरुले गर्दै आएका छन्।

यस्तै प्रदेश र स्थानीयतहबाट संचालन हुने विपन्न र गरिब लक्षित कार्यक्रममा हरवा चरवालाई प्राथमिक्ता र विगतमा हरवा चरवा संग सरकारद्वारा गरिएको सहमती प्रभावकारी कार्यान्वयनको समेत ज्ञापन पत्र मार्फत माँग गरिएको छ।

ज्ञापन पत्र बुझाउनु अघि गरिएको पत्रकार सम्मेलनमा हरवा चरवा अधिकार मञ्चका जिल्ला अध्यक्ष देवलाल रामले हरवा चरवा लक्षित कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि वास्तविक हरवा चरवाको पहिचान, लगत, प्रमाणिकरण तथा परिचय पत्र वितरण कार्य अविलम्ब सूरु गर्न माँग गरे।

पत्रकार सम्मेलनमा हरवा चरवा मञ्चका केन्द्रीय महासचिव लागेन्द्र राम, केन्द्रीय सदस्य सुमित्रा देवी खंग, श्रीर्पुराज सामुदायीक विकास केन्द्रका अध्यक्ष चतुरनारायण चौधरी, टीम लिडर विनोदानन्द चौधरी, दलित चेतना संगमका अध्यक्ष राम लखन राम, कार्यक्रम संयोजक प्रेम कुमार विश्वकर्मा लगायतले पनि बोल्दै हरवा चरवालाई थातथलो सहित उत्थान र स्वरोजगारको व्यवस्था गर्न सरकारसँग माग गरे।

हरवा चरवा लक्षित कार्यक्रम प्रभावकारी रुपमा संचालनका लागी बास्तबिक हरवा चरवाको पहिचान आवश्यक रहेकोमा जोड दिदै उनीहरुले यसो नभए लक्षित कार्यक्रममा हरवा चरवाको पहुँच नहुने र टाठाबाठाहरुले मात्र लाभ लिन सक्ने अवस्था आउने समेत जनाएका छन्।

सन २०१३ मा आइएलओले गरेको अध्ययन अनुसार मुलुकका विभिन्न जिल्लामा गरी झण्डै १ लाख ५० हजार हरवा चरवा रहेका छन्। पुस्तौदेखि अरुको जग्गामा मजदुरी गरेर जीविकोपार्जन गर्दै आएका उनीहरु साहु महाजनको खेतवारीमा काम गर्ने र वस्तुभाऊ चराएपछि पाईने न्यून मजदुरीले जहान वालबच्चालाई एक पेट खुवाउन समेत कस्ट झेलिरहेको हरवा चरवाको भनाई छ।

# एक हजार ८ सय ७१ जना ठगीमा

**राजविराज**/सप्तरीमा बैदेशिक रोजगारको सिलसिलामा एक हजार ८ सय ७१ जना ठगीमा परेका मध्ये ७ सय ६० जनाको समस्या समाधान भएको छ।

राजबिराज नगरपालिका आयोजना तथा श्रम तथा यातायात मन्त्रालय र सामी/हेल्भेटास नेपालको सहयोगमा सुरक्षित बैदेशिक रोजगारका लागि प्रदेश र स्थानिय सरकारबीच अन्तरक्रिया कार्यक्रममा सो जानकारी दिइएको छ।

६ वर्षको अवधीमा बैदेशिक रोजगारमा ठगीमा परेका १ हजार ८ सय ७१ जनाले आप्रवासी स्रोत केन्द्रमा उजुरी गरेका मध्ये ७ सय ६० जनाको समस्या समाधान गरिएको सामी/ हेल्भेटास नेपालका सुशासन संयोजक कमल बहादुर रोकायले बताउँदै सोही अवधीमा १६ करोड ९० लाख ६१ हजार ५५ रूपैया क्षतिपुर्ति दिलाएको उनले जानकारी दिए।

कार्यक्रममा सामी/हेल्भेटास नेपालका प्रदेश प्रबन्धक बिजय ठाकुरले बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, उपलब्धीमूलक बनाउन र ठगी मुक्त बनाउन सबैको दायित्व रहेको जिकिर गरे।

आप्रवासी हकहित संरक्षण केन्द्रका प्रदेश संयोजक जितेन्द्र सिन्हाले सरकारले एजेन्ट खारेज गर्ने तर हरेक गाउगाउमा एजेन्टहरूको बिगबिगी र ठगी बढेको बताउदै बैदेशिक रोजगारका लागि सुरक्षित बनाउन स्थानिय सरकार गम्भिर गम्भीर बन्नुपर्नेमा जोड दिए।

उक्त अन्तरक्रिया कार्यक्रममा मधेश प्रदेश सरकारका श्रम तथा यातायात मन्त्री चन्दन सिंह र राजबिराज नगरपालिका कावा नगरप्रमुख ईसरत परविनले संयुक्त रूपमा कार्यक्रमको उद्घाटन गरेका थिए।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।*

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय**
**पातो, सप्तरी**

# अपराधको राजनीतीकरणका नमुना कोइरी

**देवीदत्त शर्मा**

सशस्त्र प्रहरीका सहायक निरीक्षक थमन विकलाई महोत्तरीमा जसरी मारियो, त्यसले देशको सुरक्षा र न्याय प्रणालीलाई गिज्याइरहेको छ । आफ्नो कर्तव्य निर्वाह गर्ने सिलसिलामा प्रहरीकै अधिकारी यसरी राजनीतिक रङमा मारिन्छन् भने सर्वसाधारणको हालत के होला ?

भारतीय नाकाबन्दीका बेला महोत्तरीको जलेश्वरमा भएको मधेसवादी पार्टीको प्रदर्शनलाई त्यस क्षेत्रका हस्ती लक्ष्मी महतो कोइरीले नेतृत्व गरेका थिए । उक्त प्रदर्शनमा सुरक्षा व्यवस्थाका लागि सशस्त्र प्रहरीसमेत परिचालित हुनुपरेको थियो ।

२०७२ भदौ २५ को प्रदर्शनले अराजकताको हद नाघेपछि पनि प्रशासनले संयमता अपनाउन आग्रह गरेको थियो । तर संयम हुनुको सट्टा तिनले प्रहरी अधिकारी विककै हत्या गरिदिए ।

यस्ता आन्दोलनमा भैपरी आउने नमिठा घटना आन्दोलनका अकल्पनीय तीता पक्ष हुन् । सत्ता निरन्तरताका लागि सत्ताले थोपर्ने त्यस्तो परिस्थिति हामीले भोगिआएकै हौँ । माओवादी सशस्त्र युद्ध होस् वा ठुल्ठुला ऐतिहासिक जनआन्दोलन त्यसको जिम्मा त्यसपछिको परिवर्तित राजनीतिले लिएकै छ । लिन नमिल्ने जिम्मेवारीलाई आयोग बनाएर सुल्झाएको छ । सुल्झाउने चरणमा छ ।

तर थमन विक हत्याकाण्ड त्यस्तो होइन । भारतले नाकाबन्दी गर्दा र नेपाली जनताले त्यसलाई सामना गर्दा पनि मधेसीको आन्दोलन अधिकारलाई लोकतान्त्रिक नेपालले, लोकतान्त्रिक जनताले सहन गरेकै हुन् । सिमानामा औपचारिक थुप्रिएर 'हामीले सामान रोक्यौँ' भन्ने भ्रममा मधेसी नेताले उपयोग गरेका सोझासीधा जनता थिए, अरू थिएनन् । त्यो ऐतिहासिक सङ्घीय गणतान्त्रिक संविधानविरुद्ध भारत खुसी थिएन । जानेर वा नजानेर हाम्रा मधेसी नेता त्यसमा प्रयोग भए ।

तर कोइरीले नेतृत्व गरेको जलेश्वरको प्रदर्शलस्नले भने सिङ्गो देश र सम्पूर्ण मधेसले कहिल्यै बिर्सन नसक्ने अपराध दिएर गयो । हो, मधेसको अधिकारका दृष्टिले २०७२ को संविधान पूर्ण थिएन । तत्कालीन राजनीतिक सन्तुलन त्यस पक्षमा हुन सकेन । कुनै पनि सङ्घीय गणतान्त्रिकहरू त्यसलाई पूर्ण गर्ने पक्षमा आज पनि छँदै छन् । संविधानले नै समाजवाद सन्निकट हुने भनेपछि त्यसमा हुने, हुनसक्ने संशोधन संविधान स्वयंले स्विकारेकै छ । संशोधनका लागि परिवर्तनकारी राजनीतिक सन्तुलन चाहिन्छ । हाम्रा मधेसी नेताहरू त्यो सन्तुलन निर्माणमा लाग्ने कि भारतको स्वार्थ- असन्तुष्टिको मोहोरा बन्ने ? सुखद कुरा, अर्थहीन नाकाबन्दी यत्तिकै तुहिएपछि मधेसी नेताले पनि त्यो महसुस गरेकै छन् । त्यसपछिका हरेक सत्ता सन्तुलनमा उनीहरूको हिस्सा एवं उपस्थितिले आम मधेसी समुदायलाई त्यो महसुस भएको छ ।

तर दुःखद कुरा त्यही आन्दोलनमा भएको अपराधको राजनीतीकरणका गरियो । त्यसपछिका घटनामा पनि लक्ष्मी कोइरी प्रवृत्तिको विकास हुँदै गएको छ । त्यस प्रवृत्तिले स्वर्णिम भविष्य भएका एक प्रहरी अधिकारीको ज्यान लिएको मात्रै छैन, मधेस आन्दोलनको अपरिहार्यतालाई समेत भ्रष्टीकरण गरेको छ । उपेन्द्र यादवले नेता बनाएका कोइरी उनलाई लात हानेर एमालेमा फड्किएका छन् । फड्किएका मात्र होइनन् महोत्तरी-१ बाट सांसदसमेत भए ।

सामन्त धरातलका कोइरीले जिल्ला अदालत महोत्तरीलाई प्रभावमा पारेका थिए भने पनि उच्च अदालत जनकपुरले उनलाई २०७७ सालमै थमन विक हत्यामा थुनामा राख्न आदेश दिएको थियो । मुद्दा जिल्ला अदालतमै अन्तिम सुनुवाइको क्रममा छ । तर अदालत र प्रशासनले त्यो कार्यान्वयन गर्न त सकेनन् नै, एमाले अध्यक्ष केपी ओलीले उनलाई सांसदको टिकट नै दिए । वारेसमार्फत टिकट लिने, वारेसमार्फत निर्वाचित प्रमाणपत्र लिने, सेटिङ मिलाएर फूलमाला थाप्ने, सेटिङ मिलाएर संसद्मा जाने काममा निर्वाचन आयोगले उनले टिकट पाउने बेलैमा तथा प्रशासनले ती सबै क्रममा रोक लगाउन सक्थे, गरेनन् । तर अहिले उनी फरार सूचीमा छन्, करिब एक वर्षदेखि सार्वजनिक कार्यक्रममा छैनन् ।

यतिबेला जिल्ला अदालत महोत्तरी कोइरीको अपराध साबित गर्ने वा नगर्ने चरणमा छ । कोइरीले प्रदर्शनकारीबाट मरणासन्न घाइते बनाइएका विकलाई एम्बुलेन्सबाट जनकपुर अस्पताल लैजाँदै गर्दा जङ्गलमा एम्बुलेन्स घेराबन्दी गर्न लगाएर, त्यहाँबाट थुती कुकुरलाई झैँ मारेको, मार्न लगाएको प्रमाणहरू छन् ।

यति नै बेला बाँकेको नेपालगन्ज स्थायी घर भएका थमन विकका छोरा सुबोध, श्रीमती शोभा र आफन्त न्यायका लागि काठमाडौँ आउनुभएको छ । गैरजातीय प्रेम गरेको भन्दै चुटीचुटी भेरीमा डुबाइएका रुकुमका नवराज विक, उहाँका साथीहरू र परिवारले न्याय पाएको सन्दर्भ छ । भरोसा गरौँ, थमन विक र परिवारलाई पनि यस्तै न्याय होस् ।

एमाले नेता रघुवीर महासेठले संसद्मा पोहोर नै भन्नुभएको थियो- "महोत्तरीका घरघरमा कोइरीको प्रत्येक दिन पूजा हुन्छ । त्यस्ता लोकप्रिय नेताको मुद्दा पुनरावेदनका क्रममा रहेको अवस्थामा अहिले नै अपराधी भन्न मिल्दैन ।" अपराधको राजनीतीकरण भनेको यही हो । प्रामाणिक अभियोगीले सांसद पद जितेर फूलमाला लगाएकोमा विक परिवारमा चरम निराशा छ । त्यस निर्वाचनमा सधैँ जनसम्बन्धमा रहेका, रहने माओवादी केन्द्रका नेता गिरिराजमणि पोखरेललाई दृश्य, अदृश्य आर्थिक तागतमा योजनाबद्ध हराइएको थियो । आज थमनकी श्रीमती शोभालाई डिप्रेसन भएको छ । बुवाको स्पन्दन अनुभव गर्न नपाएका छोरा सुबोध, थमनकी आमा अनि सम्पूर्ण परिवार रोइरहेका छन् ।

एक महिने गृहमन्त्री रवि लामिछानेले उहाँहरूलाई आश्वासन मात्र दिनुभएछ । उहाँकै कारण कोइरी भाग्न पाए भन्ने पनि धेरै छन् । किनकि त्यसबेला अध्यक्ष ओली र रविको गहिरो हिमचिम थियो । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले पीडित परिवारलाई पक्कै भेट्नुहुने विश्वास छ । तर न्यायको हिसाबकिताब वा प्राथमिकता भने अदालतकै हातमा छ ।

'सम्बन्ध स्थानीय : सन्देश राष्ट्रिय' लिएर मध्य पहाडी राजमार्गको झुलाघाट-चिवाभञ्ज्याङ हिँड्नुभएका एमाले अध्यक्ष ओलीले मधेस आन्दोलनका यी विकृतिमूलक कोइरीलाई अझै संरक्षण गरिरहनु दुःखद हो ।

हुन त कहिल्यै ठेक्का सम्पन्न गर्न नसक्ने भ्रष्ट ठेकेदार हरिनारायण रौनियारलाई पार्टीमा सहर्ष प्रवेश गराएर आफ्ना समृद्धि प्राथमिकता र व्यवहारको तादाम्यतामा उहाँले रातो बत्ती बालिसक्नुभएको छ ।

रातोपाटीबाट


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था** :

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

### अनुरोधकर्ता
### रुपनी गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी



## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

### शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय
### कठौना, सप्तरी



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

### जनहीतका लागि जारि सन्देश : छिन्नमस्ता गाउँपालिका, सप्तरी

# बच्चाको वृद्धि अनुगमनमा अभिभावककै जिम्मेवारी

**भोजराज पोखेल**

बच्चाको उमेर अनुसारको शारीरिक परिपक्वता, शारीरिक वृद्धि, अंग र प्रणालीहरुको परिपक्वता जस्तैः तौल, उचाइ, टाउको, छाती र पाखुरा साथै सम्पूर्ण अंगहरुको जाँच गरी गणितीय मानांकको आधारमा रेकर्ड गरिनुलाई वृद्धि अनुगमन भनिन्छ ।

**वृद्धि :** वृद्धि भन्नाले उमेर अनुसारको शारीरिक परिपक्वता हो। जसले शरीरको वृद्धि जस्तैः तौल, उचाइ, टाउको, छाती र पाखुरालाई जनाउँछ ।

**विकास :** उमेर अनुसार शारीरिक अंग र प्रणालीहरुको परिपक्वताका साथै उसमा सामाजिक उत्तरदायित्व बहन गर्न सक्ने क्षमता देखिनु नै विकास भएको मानिन्छ ।

**बच्चाको वृद्धि अनुगमन गर्ने भनेको के हो ? यसमा के के जाँचिन्छ ?**

बच्चाको उमेर अनुसारको शारीरिक परिपक्वता, शरीरको वृद्धि जस्तैः तौल, उचाइ, टाउको, छाती र पाखुराको जाँच गरी गणितीय मानांकको आधारमा रेकर्ड गरिनुलाई वृद्धि अनुगमन भनिन्छ ।

**वृद्धि थाहा पाउने सूचकहरु**

१. तौल लिएर
२. उचाइ नापेर
३. टाउकाको परिधि
४. छातीको परिधि र
५. मध्य पाखुराको नापबाट।

**यसमा निम्न कुरा हेरिन्छ । वृद्धिका प्रचलित सूचांकहरुः**

क. उमेर अनुसारको तौल
ख. उचाइ अनुसारको तौल
ग. उमेर अनुसारको उचाइ
घ. छातीको परिधि
ङ. टाउकाको परिधि
च. मध्य पाखुराको नाप

बच्चा जन्मेदेखि २ वर्षको हुँदासम्म प्रत्येक महिना तौल लिनुपर्छ । २ वर्षमा २४ पटक तौल लिएको रेकर्ड हुनुपर्छ । उमेर अनुसार बच्चाको विकास भए/नभएको निम्न कुरा हेरेर थाहा पाउन सकिन्छ :

१. ३ देखि ४ महिनामा बच्चाले आफ्नो टाउको अड्याउन सक्छ ।
२. ६ महिनामा बच्चा कसैको सहायताले बस्न सक्छ ।
३. ६ देखि ८ हप्तामा बच्चा मुस्कुराउँछ ।
४. ९ महिनामा बच्चा कसैको सहायता बिना बस्न सक्छ ।
५. १२ महिनामा बच्चा आफैं उभिन सक्छ ।
६. १५ महिनामा बच्चा हिँड्न सक्छ ।

**वृद्धि अनुगमन गर्नुको आवश्यकता र महत्व के छ त ?**

१. बच्चाको पोषण स्थिति थाहा पाउन ।
२. बच्चाको उमेर अनुसारको तौल र उचाइ बढेको छ छैन भनेर थाहा पाउन ।
३. बच्चालाई कुनै रोग लागेको छ कि भनेर समयमै थाहा पाउन ।
४. रोग लागिहालेको भए समयमै उपचार गर्न ।

**बालकको वृद्धि विकासमा प्रभाव पार्ने तत्वहरु केके छन ?**

१. पोषण
२. भौतिक वातावरण जस्तैः घाम पानी हावा
३. सामाजिक वातावरण
४. वंशाणुगत तत्व
५. परिवारको संख्या
६. अन्तश्रावी ग्रन्थी
७. आमाको प्रसवको अवस्था
८. जन्मजात विकृति आदि ।

मध्य पाखुराको नापले एक वर्षमाथिका र ५ वर्ष मुनिका बच्चाहरुको पोषण स्थितिबारे बताउँछ । जस्तैः,

१. हरियो- राम्रो
२. पहेंलो- पोषण स्थिति राम्रो छैन ।
३. रातो- राम्रो छैन, उपचार गर्नुपर्छ ।

पाखुराको नाप १३.५ सेमिभन्दा माथि भएमा पोषण राम्रो छ भन्ने बुझिन्छ । १२.५ देखि १३.५ सेमिसम्म भएमा त्यति राम्रो छैन, बच्चालाई अझै थप स्याहार आवश्यक छ भन्ने बुझिन्छ । तर १२.५ सेमिभन्दा कमी भएमा खतरा, नराम्रो छ भन्ने बुझिन्छ ।

बच्चा जन्मिँदा तौल २.५ केजीभन्दा माथि हुनुपर्छ । जन्मिँदाको उचाइ ४२ देखि ५७ सेमि हुनुपर्छ । जन्मिँदा टाउकाको परिधि ३५ सेमी र छातीको परिधि ३२ सेमी हुनु स्वास्थ्यको दृष्टिकोणले उपयुक्त मानिन्छ ।

**बच्चाको वृद्धि अनुगमन कहाँ-कहाँ गरिन्छ ?**

हरेक महिना स्वास्थ्य संस्थामा वा स्वास्थ्य संस्था अन्तर्गत चल्ने हरेक गाँउघरका क्लिनिकमा अनिवार्य रुपमा स्वास्थ्यकर्मी र सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुद्वारा बालबालिकाको तौल लिने गरिन्छ । बच्चाको पोषण स्थिति थाहा पाउन हरेक महिना बच्चालाई तौलेर वृद्धि अनुगमन कार्ड भर्नुपर्छ ।

यो कार्यमा आ-आफ्नो नजिक रहेका हरेक स्वास्थ्य संस्थाबाट हरेक महिना नियमित रुपमा स्वास्थ्यकर्मीहरुले आफ्ना स्वास्थ्य संस्था अन्तर्गत परिचालित रहेका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आ-आफ्नो सेवा क्षेत्र भित्रमा सूचना प्रवाह गर्न लगाई सेवा क्षेत्रमा रहेका २४ महिनासम्मका बालबालिकालाई सम्बन्धित स्थानमा जम्मा गराई बालबालिकको तौल लिई उनीहरुको तौलको अवस्था र स्वास्थ्यको अवस्थाको बारेमा जानाकारी लिने र अभिभावकलाई परामर्श गर्ने गर्छन् ।

त्यसैले हरेक आमा-बुबाले आफ्नो बच्चालाई आ-आफ्नो नजिकको स्वास्थ्य संस्था वा गाँउघर क्लिनिकमा लगी स्वास्थ्यकर्मीबाट बच्चा २४ महिनाको हुँदासम्म २४ पटक बच्चाको तौल लिई बच्चालाई लाग्न सक्ने विभिन्न सामान्य तथा घातक रोगको बारेमा जानकारी लिनुपर्छ । यस कार्यको महत्वपूर्ण जिम्मेवारी हरेक अभिभावक स्वयंले लिनुपर्छ । (पोखेल स्वास्थ्य शिक्षा अधिकारी तथा स्वास्थ्यकर्मी हुन् ।) स्वास्थ्यखबरबाट

# बैदेशिक रोजगारको दुबै पक्षबारे विश्लेषण

**राजविराज**/मधेशी एकता समाजले "मधेशबाट श्रमआप्रवासन र समाजिक, आर्थिक, राजनैतिक आयाम" विषयक आयोजना गरेको विचार मन्थन कार्यक्रममा विभिन्न समाजिक अभियन्ताहरुले बैदेशिक रोजगारको दुबै पक्षबारे विश्लेषण गरेका छन् ।

वैदेशिक रोजगारीका कारण समाजमा पारेको विभिन्न सकारात्मक र नकारात्मक पक्ष बारेमा जानकारी दिने उद्देश्यले आयोजित कार्यक्रममा टोल र गाउँ नै खाली हुने गरी दैनिक सयौ नेपालीहरु विभिन्न देशमा रोजगारीका लागी जाने गरेकाले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन उनीहरुले कार्यक्रम मार्फत विभिन्न सुझाव समेत दिइएको छ ।

कार्यक्रममा मधेशी एकता समाजका संस्थापक डा.रविन्द्र कुमार यादव, समाजिक अभियन्ता भोला पासवान, राकेश मिश्रा, डा. बवि सिंह यादव, पत्रकार एवं अध्येता जनकराज सापकोटा, चिन्तक सिकेलाल, राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीन लगायतले. मधेश प्रदेशबाट वैदेशिक रोजगारमा जानेहरुको संख्या बढी रहेको भएपनि त्यसको सबै परिणाम सकारात्मक मात्र नरहेको वास्तविक्ता औल्याए ।

कार्यक्रममा पत्रकार एवं अध्येता जनकराज सापकोटाले वैदेशिक रोजगारका क्रममा सरदर दैनिक जसो १ जना मधेशका यूवाको निधन हुने गरेको तथ्याङ्क प्रस्तुत गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन स्थानीय, प्रदेश र संघिय गरि तीन वटै तहका सरकार गम्भिर हुनुपर्नेमा जोड दिए ।

समाजिक अभियन्ता भोला पासवानले विगतका वर्षहरु भन्दा यता आएर मधेशका यूवाहरुको वैदेशिक रोजगारीका क्रममा मृत्यु हुने संख्या अझै बढ्दै जानु चिन्ताको विषय भएको भन्दै यस्तो घटना रोक्न सरोकारवाल निकायहरु सक्रिय बन्नु पर्नेमा जोड दिए ।

चिन्तक सिकेलालले वैदेशिक रोजगारबाट पक्कि घर, सवारी साधन, जग्गाजमिन, पसल लगायतका साधन जोडिनुलाई सकारात्मक मानिए पनि यसबाट आउने पारिवारिक कलह, विग्रह, पैसाका लागी झै-झगडा, सम्बन्ध विच्छेद तथा मृत्यु समेत हुने गरेको कुरालाई विर्सन नसकिने बताए ।

सीप र सुचना नलिई वैदेशिक रोजगारीमा गएका कारण पनि धेरै नेपाली अलपत्र पर्ने र असुरक्षित हुने गरेको उनको भनाई छ । आयोजक संस्थाका संस्थापक डा.रविन्द्र कुमार यादवले वैदेशिक रोजगारीलाई सुरक्षित, सम्मानित र व्यवस्थित बनाउन सहि सुचना र सिप आवश्यक रहेको बताए ।

कार्यक्रममा वैदेशिक रोजगारी जाँदा कागज पत्र, सिपको महत्व, इजाजत प्राप्त म्यान पावर कम्पनी तथा स्थानीय, प्रदेश र संघीय सरकारले खेल्नु पर्ने भुमिका लगायतका विषयमा ब्यापक छलफल भएको आयोजक संस्थाले जनाएको छ ।

# राजगढ गाउँपालिका आफ्नै भवनमा

**राजविराज**/सप्तरीको राजगढ गाउँपालिका आफ्नै भवनमा सरेको छ ।

पूर्व गाउँपालिका अध्यक्ष परमान्द यादवले उक्त भवनका लागि वडा नं. ३ मा ५ कट्ठा १४ धुर जग्गा दिएपछि ११ कोठाको दुई तल्ले भवन ५ करोड ५० लाख लागतमा तयार भएको हो ।

गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलले एक समारोहबीच रिवन काटेर आफ्नो पालिका भवनको उद्घाटन गर्दै आफ्नै भवनमा सरेको हो ।

तुलसी भक्त कन्स्ट्रक्सनले उक्त भवनको टेन्डर पाएको २ वर्ष ६ महिनामा पुरा गरेको र डिपिआर ४ तल्लेको भए पनि तत्काल गाँउपालिकाले दुई तल्लाको मात्रै टेन्डर गरेको गाउँपालिकाका इन्जिनियर अजय यादवले जानकारी दिए ।

भवन उद्घाटन समारोहमा गाउँपालिकाको उपाध्यक्ष रेणु कुमारी मण्डल, ६ वटै वडाका वडा अध्यक्षहरु, कर्मचारी, राजनीतिकर्मी लगायत स्थानीयहरुको उपस्थिति रहेको थियो ।

# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिर्वतन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक्र अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्षः**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर, सप्तरी**

# प्रतिष्ठान निर्माणका लागि युथद्वारा चौथो चरणको आन्दोलन घोषणा

**राजविराज**/शिलान्यास गरि अलपत्र अवस्थामा रहेको राजविराज वडा नं. १० बिरोलस्थित रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण कार्य अविलम्ब सूचारु गराउन माग राख्दै सप्तरी युथ नेपालले तेश्रो चरणको आन्दोलनको घोषणा गरेको छ ।



तेस्रो चरणको आन्दोलन अन्तर्गत राजविराजको १६ वटै वडाबाट ९९९ वटा निवेदन संकलन गरी प्रधानमन्त्रीको कार्यालय सिंहदरबार काठमाडौं पठाउने रहेको छ ।

युथका कार्यवाहक अध्यक्ष मोहन यादवका अनुसार यसबाट पनि सरकारले कुनै ठोस जवाफ नदिए चौथो चरणको आन्दोलन पनि घोषणा गर्ने तयारी गरिने छ ।

यसअघि दोश्रो चरणको आन्दोलन अन्तरगत संकलित १० हजार हस्ताक्षारसहित राजविराजमा प्रर्दशन गरिएको थियो । लामो समयदेखि प्रतिष्ठान निर्माणको काम रोकिदा पनि वास्ता नगरेको भन्दै ७ दिन सम्म चलाइएको हस्ताक्षर अभियानको अन्तिम दिन मंगलवारसम्म संकलित १० हजार हस्ताक्षर गरिएको ब्यानरसहित प्रर्दशन गरिएको हो ।

सप्तरी यूथ नेपालद्वारा गठित आन्दोलन परिचालन समितिको अगुवाईमा गरिएको प्रर्दशनमा युवाहरुका साथै विद्यार्थी, जनप्रतिनिधी, राजनीति दलका स्थानीय नेता/कार्यकर्ताको उल्लेख्य सहभागिता रहेको थियो ।

प्रदर्शनपछि आयोजित कोण सभालाई राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीन, नगरपालिकाका प्रवक्ता जयनारायण मण्डल, स्ववीयु सभापती रंजीत यादव, सप्तरी यूथ नेपालका कार्यवाहक अध्यक्ष मोहन यादव, आन्दोलन परिचालन समितिका अध्यक्ष सत्येन्द्र यादव लगायतले सम्बोधन गर्दै प्रतिष्ठान निर्माणको कार्य अविलम्ब सुरु नगरिए आन्दोलन सशक्त ढंगले अघि बढाउने चेतावनी समेत दिए ।

यता प्रतिष्ठान निर्माणको काम अविलम्ब सुचारु गराउन माँग राखी स्थानीयवासीद्वारा गठित संघर्ष समितिले गत असोज २६ देखि थालेको रिले अनशनलाई ६४ औं दिन शनिबार पनि निरन्तरता दिएका छन् । माँग पुरा नभएसम्म रिले अनशन चलिरहने संघर्ष समितिका संयोजक राम कुमार दासले जनाएका छन् ।

२०७८ जेठ २१ गतेको मन्त्री परिषद् बैठकले प्रतिष्ठान निर्माण गर्न राजविराज नगरपालिका १० विरौलस्थित ६२ बिघा जग्गा प्रतिष्ठानका नाममा ३० वर्षका लागि लिजमा दिने निर्णय गरेको थियो । जग्गाको टुङ्गो लागेपछि यही जग्गामा २०७८ असार २२ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठानको भवन निर्माण कार्यको भर्चुयल माध्यमबाट शिलान्यास गरेका थिए ।

# आन्दोलनरत विद्यार्थीद्वारा प्रदर्शनलाई निरन्तरता

**राजविराज**/राजविराज वडा नं. १६ बोरियास्थित नरेन्द्र मेमोरियल स्कुलका प्रधानाध्यापक र व्यवस्थापन समितिका अध्यक्षलाई कारवाहीको माग गर्दै आन्दोलरत विद्यार्थीहरुले शुक्रबार पनि राजविराजमा प्रर्दशन गरेका छन् ।

यसअघि उनीहरुले राजविराज नगरपालिकाको कार्यालयमा ढुंगामुढा गर्दै जिल्ला प्रशासन कार्यालय घेराउ गरेका थिए ।

मनपरी शुल्क असुल गरेको विरोधमा आवाज उठाउँदा दुबै मिलेर दुई जना विद्यार्थीलाई निर्घात कुटपीटि गरेको विरोधमा आन्दोलनरत विद्यार्थीहरुले प्रर्दशनसहित राजविराज नगरपालिकाको कार्यालयमा ढुंगामुढा गरेका थिए ।

आक्रोसित विद्यार्थीहरुले ढुंगामुढा गर्दा नगरपालिका कार्यालयको दुई वटा झ्यालको शिशा फुट्नुका साथै कार्यालय परिसरमा राखिएको फूलको गमलाहरुमा क्षति पुगेको छ ।

स्थानीय नरेन्द्र मेमोरियल जनता माध्यमिक विद्यालय बोरियाका कक्षा १० मा अध्यनरत विद्यार्थी विकास कुमार मण्डल र रोशन साहलाई दुई दिन अघि विद्यालयले मनपरि शुल्क वसुलेको बारे आपत्ती जनाउँदा प्रधानाध्यापक रामानन्द सुनरैत यादव र व्यवस्थापन समितिका अध्यक्ष रितेश यादवले निर्घात कुटपिट गरेपछि विद्यार्थीहरु आन्दोलित भएका हुन् ।

विद्यार्थी कुट्ने प्रअ र व्यवस्थापन समितिका अध्यक्ष दुबै माथी कडा कारवाहीको माँग गर्दै विद्यार्थीहरुले आन्दोलन चर्काएका हुन । आक्रोसित विद्यार्थीहरुले नगरपालिकामा ढुंगामुढा गर्नुका साथै मुल गेटमै दुई घण्टा धर्ना तथा टायर बालेर प्रर्दशन समेत गरेका छन् ।

परिक्षाको रजिष्ट्रेशन शुल्क वापत कक्षा ९ को ३ सय र कक्षा १० का लागी ५ सय रुपैया राजश्व बुझाउने प्रावधान रहेपनि सो विपरित विद्यार्थीहरुबाट १ हजार देखि १ हजार ४ सय रुपैया सम्म जवरजस्ती वसुल गरिएको र सो बारे प्रश्न उठाउँदा आफुहरु कुटिएको घाइते भएका विद्यार्थी विकास मण्डलको भनाई छ ।

नगरपालिकामा ढुंगामुढा तथा मुल गेटमै विद्यार्थी धर्नामा वसेपछि कार्यवाहक नगर प्रमुख इसरत परवीनले आन्दोलनकारीहरु संग वार्ता गरी समस्या समाधानको प्रयास गरेकी छिन् ।

## बालविवाह मुक्त वडा घोषणा

**राजविराज**/सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. १ बरही विरपुरलाई बालविवाह मुक्त वडा घोषणा गरिएको छ ।

आयोजित समारोहमा बालविवाह मुक्त वडा घोषणा गर्न गरिएको विभिन्न कार्यक्रम र अभियानका क्रममा स्पष्ट सूचक प्राप्त भएकाले त्यस कै आधारमा घोषणा गरिएको गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले बताए ।

उनका अनुसार सो वडामा २ हजार ६ सय पुरुष र २ हजार २ सय ८६ महिला गरि ५ हजार २९ जना जनसंख्या रहेको छ । वडाका विभिन्न समुदायका प्रतिनिधी, अगुवा लगायत स्सँग लामो बहसपछि बालविवाह हुन नदिने प्रतिबद्धता समेत आएको उनको भनाई छ ।

वडाअध्यक्ष ललन प्रसाद यादवले अभिभावकले समेत सन्तानको बालविवाह नगर्ने, नगराउने, कतै भए वहिष्कार गर्ने प्रतिबद्धता जनाएको बताए ।

बालविवाह मुक्त वडा घोषणा लेखिएको ब्यानर गाउँपालिका अध्यक्ष चौधरीले

*बाँकी अन्तिम पृष्ठमा*

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रुपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी

# अन्तर्राष्ट्रिय समाचार

## तीन बन्धकको गल्तीबस मृत्यु, इजरायल सरकारद्वारा दुःख व्यक्त

**तेल अभिभ**/इजरायलले गाजामा बन्धक बनाइएका तीन जना कैदीको गल्तीवस मृत्यु भएको भन्दै उक्त घटनाप्रति दुःख व्यक्त गरेको छ । इजरायली सेनाले उक्त घटनालाई लिएर तेल अभिवमा भएको प्रदर्शनप्रति पनि सेनाले खेद व्यक्त गरेको छ । इजरायली सेनाका अनुसार योतम हैम, एलन शम्रिज र समर अल-तलालकालाई गाजा शहरको सीमा क्षेत्रमा अपरेशनको क्रममा गोली हानिएको थियो ।

हमासले अक्टोबर ७ मा इजरायलमा गरेको आक्रमणका क्रममा बन्धक बनाइएका अनुमानित २४० व्यक्तिमध्ये यी तीन जना पनि थिए । इजरायली रक्षा बलका प्रवक्ता डेनियल हागारीले भन्नुभयो, "शेजैयामा भएको लडाइँको क्रममा इजरायली रक्षा बल (आईडीएफ) ले गल्तीले तीन जना इजरायली बन्धकलाई खतराको रूपमा पहिचान गरेको थियो र फलस्वरूप उनीहरूमाथि गोली चलायो र बन्धकहरू मारिए ।"

"आईडीएफ यस दुखद् घटनाको बारेमा गहिरो दुःख व्यक्त गर्दछ र परिवारको दुःखमा साझेदारी गर्दछ । उनीहरूको शव इजरायलमा सारिएको थियो अनुसन्धानबाट उनीहरू २८ वर्षीय र हेम, २५ वर्षीय एल-तालल्का र २६ वर्षीय शाम्रिज भएको पुष्टि भएको थियो । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले उनीहरूको मृत्युलाई 'सहन कठिन दुखद' घटना भन्नुभएको छ ।

"सम्पूर्ण इजरायल आफ्नो क्षतिप्रति दुःखी छन्," उहाँले भन्नुभयो । ह्वाइट हाउसले पनि यो घटनालाई 'दुःखद गल्ती' भनेको छ । घटनाको खबर फैलिएपछि तेल अभिभस्थित इजरायलको रक्षा मन्त्रालयमा सयौं मानिस भेला भएका थिए र नेतन्याहूको सरकारलाई हमास शासित क्षेत्रमा रहेका १२९ जना बन्धकको रिहाइका लागि आग्रह गरेका थिए ।

प्रदर्शनकारीहरूले इजरायलको झण्डा र प्लाकार्ड बोकेका देखिन्थ्यो । एउटा प्लाकार्डमामा लेखिएको थियो, "हरेक दिन एक जना बन्धकको मृत्यु हुन्छ ।"

"मलाई डर लागिरहेको छ,' हमासले बन्धक बनाएक एक महिला इटे स्विस्कीकी बहिनी मेराभ स्विस्कीले भन्नुभयो, "हामी अहिले नै बन्धकका लागि सम्झौता गर्नका लागि माग गर्छौं ।" गत नोभेम्बरमा इजरायली जेलमा रहेका केही प्यालेस्टाइनीहरूको बदलामा १०० भन्दा बढी बन्धकहरूलाई हमासलद्वारा मुक्त गरिएको थियो । त्यसपछि त्यो सम्झौता अन्त्य भएको छ र लडाइँ फेरि सुरु भएको छ । एजेन्सी

## सन् २०२३ मा अमेरिकामा घरबारविहीनको सङ्ख्यामा उल्लेख्य वृद्धि

**वासिङ्टन**/संयुक्त राज्य अमेरिकामा घरबारविहीन हुनेको सङ्ख्या यस वर्ष कीर्तिमानी स्तरमा पुगेको शुक्रबार सार्वजनिक गरिएको एक सरकारी प्रतिवेदनले देखाएको छ । अमेरिकी आवास तथा शहरी विकास विभागका प्रमुखले गरेको गणनाअनुसार डिसेम्बरसम्ममा देशभर छ लाख ५३ हजार १०० भन्दा बढी मानिस घरबारविहीन भएका छन् ।

यो सङ्ख्या अघिल्लो वर्षको तुलनामा ७० हजार ६५० अर्थात् १२ प्रतिशत बढी हो र सन् २००७ मा तथ्याङ्क सङ्कलन सुरु भएयताकै सबैभन्दा बढी हो । अफ्रिकी अमेरिकीहरू कुल अमेरिकी जनसङ्ख्याको १३ प्रतिशत छन् तर घरबारविहीन भएका मध्ये ३७ प्रतिशत अफ्रिकी अमेरिकीहरू रहेका छन् ।

सन् २०२२ देखि २०२३ को बीचमा पहिलो भाषका रूपमा स्पेनी भाषा प्रयोग गर्ने भनेर पहिचान गर्ने व्यक्तिमा घरबारविहीन हुनेको सङ्ख्यामा २८ प्रतिशत अर्थात् ३९ हजार १०६ जनाले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ । सन् २०१२ देखि नै घरबारविहीन अवस्थामा रहेका बालबालिकाको सङ्ख्या पनि १६ प्रतिशतले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ ।

जनवरीमा घरबारविहीन भएका छ लाख ५३ हजार १०० मध्ये हरेक १० जनामा छ जना आश्रयस्थल वा अन्य अस्थायी आवासमा थिए भने १० मध्ये चार जना मानव बस्तीका लागि नबनेको ठाउँमा थिए ।

क्यालिफोर्नियामा सबैभन्दा धेरै एक लाख ८१ हजार ३९९, न्युयोर्कमा एक लाख तीन हजार २००, फ्लोरिडामा ३० हजार ७५६, वासिङ्टनमा २८ हजार ३६, टेक्ससमा २७ हजार ३७७ र ओरेगनमा २० हजार १४२ जना घरबारविहीन छन् । विशेषज्ञहरूका अनुसार संयुक्त राज्य अमेरिकामा घरबारविहीनताको सङ्कटलाई गरिबी, मानसिक स्वास्थ्य, लत र आवासको अभावलगायत धेरै कारकहरूले बढावा दिइरहेको छ । एजेन्सी

## सन् २०२४ मा सात वटा अन्तरमहादेशीय मिसाईल प्रक्षेपण गर्ने योजनामा रूस

**मस्को**/रूसले सन् २०२४ मा सातवटा अन्तर महादेशीय मिसाइल प्रक्षेपण गर्ने रणनितिक योजना बनाएको रूसी मिसाइल फोर्सका रणनीतिक कमाण्डर लेफ्टिनेन्ट जनरल सर्गेई काराकायेभले शुक्रबार बताउनुभएको छ । रुसबाट प्रकाशित रेड स्टारसँगको अन्तरवार्तामा काराकायेभले पछिल्लो पाँच वर्षमा रूसी सेनाले प्रशिक्षण तथा तालिमका लागि २० वटाभन्दा बढी मिसाइल प्रक्षेपण गरेको बताउनुभयो ।

काराकायेभले ओरेनवर्ग क्षेत्रको यास्नीपूर्वाधार प्रयोग गरी परीक्षण गरिएको बताउँदै आगामी वर्ष थप सात वटा प्रक्षेपण गर्ने योजना रहेको उल्लेख गर्नुभएको छ । रूस तथा संयुक्त अमेरिकाबीच अन्तरदेशीय मिसाइल र पनडुबीहरू प्रक्षेपणको योजनाका विषयमा सुचना आदानप्रदान जारी रहेको काराकायेभले बताउनुभएको छ । उहाँका अनुसार रूस र अमेरिकाले एक अर्कोलाई प्रक्षेपणको विषयमा एक दिन अघि नै जानकारी प्रदान गर्ने प्रचलन रहेको छ ।

स्रोतका अनुसार पूर्व सोभियत सङ्घ तथा संयुक्त राज्य अमेरिकाबीच सन् १९८८ को सन्धिअनुसार क्षेप्यास्त्र परीक्षणको कम्तीमा २४ घण्टा अगाडि सूचना लिने दिने सम्झौता भएको थियो । सूचनाले प्रक्षेपणको मिति , स्थान तथा हतियारको प्रभावको बारेमा सङ्केत गर्दछ । एजेन्सी

# ट्युसन पढ्न निस्केका गृष चार दिनदेखी वेपत्ता



**राजविराज**/ट्युसन पढ्नका लागि चार दिन अघि घरबाट निस्केका राजविराज ५ का गृषचन्द्र देव सम्पर्कबिहीन भएका छन् ।

घर नजिकैको शिक्षक शशिशंकर कहाँ ट्युसन पढ्न जान्छु भन्दै बुधबार बिहान ९ बजेतिर निस्केका उनी हालसम्म फर्केर नआएपछि चिन्तामा डुबेका परिवारजनले खोजि गरिदिनहुन अपील गरेका छन् ।

१८ वर्षिय एक मात्र छोरा सम्पर्क बिहीन भएपछि आमा रिना र बुबा उपेन्द्रले खोजि कायृमा सहयोग गर्न सबैमा अनुरोध गरेका छन् । आफूहरु काम विशेषले बिराटनगर गएको बेला बुधबार घरमा रहेका छोरा गृषले दिदी हेमालाई ट्युसन पढ्न जान्छु भन्दै निस्केको र हालसम्म फर्कि नआएको देव दम्पत्तिले सुनाए ।

शिक्षक शशिशंकरले भने सो दिन गृष आफूकहाँ ट्युसन पढ्न नआएको जनाएका छन् । गृषका परिवारजनले छोरा वेपत्ता भएको बारे प्रहरीमा समेत जानकारी गराई अवस्था पत्ता लगाईदिन आग्रह गरेका छन् ।

राजविराजस्थित मिशन कलेजमा कक्षा १२ मा अध्ययनरत गृषले बोक्ने मोबाइल भने घरमै फेला परेको तथा अनुसन्धानका लागि माग गरेकाले प्रहरीलाई बुझाइएको गृषका बुबा उपेन्द्रले बताएका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज न्यौपानेले गृष परिवारजनको सम्पर्क बाहिर पुगेको जानकारी प्राप्त भएको भन्दै खोजि कार्य भइरहेको जनाएका छन् ।

## बालविवाह ...

प्रमुख अतिथी पूर्व सिंचाई मन्त्री उमेश कुमार यादवलाई हस्तान्तरण गरेपछि ब्यानर बाचन गरेर बालविवाह मुक्त वडा घोषणा गरिएको थियो ।

बालिविवाह मुक्त पालिका बनाउने अभियानमा सेभ द सप्तरी तथा सेभ द चिल्ड्रेनको सहकार्यमा विभिन्न सचेतना कार्यक्रमहरु अभियान कै रुपमा अघि बढेको गाउँपालिकाले जनाएको छ ।

वडाअध्यक्ष ललन प्रसाद यादवको अध्यक्षतामा आयोजित घोषणा समारोहमा गाउँपालिका उपाध्यक्ष राजु देवी यादव, प्रमुख जिल्ला अधिकारी किरण थापा, प्रहरी उपरिक्षक गजुसिद्धि बज्राचार्य, वरखगणका प्रमुख सेनानी रमेश पाण्डे, सेभ द सप्तरीका ध्रुव प्रसाद देव, नरेन्द्र यादव, सेभ द चिल्ड्रेनका दिपक बुढाथोकी लगायतले बालविवाह विरुद्धको अभियानको सफलताको शुभकामना मन्तब्य ब्यक्त गरेका थिए ।

## हरेराम, हरेकृष्णाले ...

भारत मथुराका कथाबाचक रामानुजदा दास जी महाराजद्वारा प्रवचन, भजनसन्ध्या, विषेशपुजा लगायतका धार्मिक कार्यक्रमको आयोजना गरिएको थियो ।

## आफूलाई बदनाम ...

कहिले कार्यालयको गाडी दुर्घटनामा पर्दा त कहिले स्थानीय ब्यक्तीहरुबाटै दुर्ब्यवहार हुदा ती विपक्षीले झुठो प्रचारबाजी संगै सोझै आफु माथी भ्रामक प्रचारबाजीमा लाग्ने गरेको उनको भनाई छ ।

गाउँपालिकाको विकासका लागी जोश जाँगरका साथ जुटेका वेला समय समयमा फैलाइएने यस्ता अफवाहरुले आफुलाई निराश तुल्याउने गरेपनि विचलीत भने नभएको र जनताको साथ सहयोगबाट अघि बढीरहेको उनको भनाई छ । उनले यसरी अफवाह फैलाउने ब्यक्ती आफुले पद सम्हाले देखि नै विभिन्न विषयम झुटो आरोप लगाउने गरेको बताए ।

उनले आफुलाई असफल बनाउन र गाउँपालिकालाई कालो सुचीमा पार्न विपक्षी लागी परेको जनाउदै त्यस्तालाई गाउपालिकाको हितमा नमुना काम गरेर परास्त पारेरै छाड्ने दृढता ब्यक्त गरे ।

आफुलाइ बदनाम गर्ने नियतले झुठा प्रचारबाजीमा उत्रेकाहरु उपर छानवीन र कारवाही हुनु पर्ने उनले मागँ समेत गरेका छन् ।

एक अर्को प्रसंगमा उनले छोटो समय मै कर्मचारी सरुवा हुनु र सो ठाउँका अर्को कर्मचारी ल्याउन काठमाण्डौ नै धाउनु पर्ने बाध्यता रहेको बताउदै यस्तो रवैयाले कार्यालयको दैनिकी कामकाज मात्र नभई विकास निर्माणका काम समेत प्रभावित हुने गरेको सुनाए ।

# लोसपाद्वारा अदालतको फैसलाप्रति असहमति

# सरकारहरुलाई दिएको समर्थन फिर्ता गरि प्रतिकारमा उत्रन महतोद्वारा आह्वान

**राजविराज**/लोकतान्त्रिक समावादी पार्टी (लोसपा) नेपालले महोत्तरी जिल्ला अदालतको फैसलाप्रति असहमति जनाएको छ ।

पार्टीका राष्ट्रिय अध्यक्ष महन्थ ठाकुरद्वारा शुक्रबार जारि विज्ञप्तिमा तथ्य एवं बास्तविक भन्दा विल्कुलै फरक ढंगले निर्दोष व्यक्तिहरुलाई समेत राजनीतिक पूर्वाग्रहको आधारमा फसाइएकोमा अदालतबाट जन्म कैद सम्मको फैसला आउनुले पार्टी स्तब्ध तथा मर्माहत भएको उल्लेख छ ।

विज्ञप्तिमा विद्यमान कानुन तथा न्यायीक प्रक्रियालाई आधार मानेर न्यया एवं इन्साफको लागि लासेपा नेपाल अगाडी बढ्ने जनाइएको छ ।

उनले भने, 'स्वतन्त्र न्यायालय लोकतन्त्रको आत्मा हो । न्यायालयप्रति उच्च सम्मान प्रकट गर्दै महोत्तरी जिल्ला अदालतको उक्त फैसलाप्रति हाम्रो गम्भीर असहमति रहेको छ ।'

यसैबीच पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोले एक विज्ञप्ति जारि गर्दै मधेश आन्दोलनको समयमा भएको विभिनन घटना, दुर्घटना र सोही बहानामा पूर्वाग्राही ढंगबाट आन्दोलनका अगुवा लक्षित दायर भएको मुद्दामा आधारित रहेर महोत्तरी जिल्ला अदालतले गरेको फैसला दुर्भाग्यपूर्ण रहेको ठहर गरेका छन् ।

जारि विज्ञप्तिमा अधिकार र पहिचानको लागि भएको आन्दोलनको मागलाई दबाउन राज्यद्वारा भइरहेको प्रपंचको खुलेर बिरोध गर्न आग्रह गर्दै तत्कालिन लोकतान्त्रिक मधेशी मोर्चा र थरुहटका सबै नेताहरुलाई विभिन्न तहका सरकारहरुलाई दिएको समर्थन फिर्ता गरि एकताबद्ध र गोलबद्ध भई प्रतिकारमा उत्रन आह्वान गरेका छन् ।

मधेश आन्दोलनका क्रममा सशस्त्र प्रहरीका असई थमन विक हत्या प्रकरणमा एमालेका सांसद लक्ष्मी कोइरी महतोलाई सफाइ र सोही मुद्दामा प्रदेश सांसद अभियराम शर्मा लगायतलाई जन्मकैदको सजाय भएपछि लोकतान्त्रिक समाजवादी पार्टीको यस्तो विज्ञप्ति आएको हो ।

# माओवादी नेता माझीलाई मातृ शोक

**राजविराज**/नेकपा ( माओवादी केन्द्र) सप्तरीका नेता दिपेन्द्र माझीलाई मातृ शोक परेको छ । उनकी आमा ७० बर्षिया बर्साइत देवी माझीको शुक्रबार निधन भएको छ ।

महादेवा गाउँपालिका अध्यक्ष पदका प्रत्याशी उम्मेदवार समेत रहेका माझीकी आमा केही दिनदेखि बिरामी अबस्थामा रहेको र शुक्रवार निधन भएको हो ।

उनको शुक्रबारै पैतृक गाउँ महादेवामा धार्मिक बिधी अनुसार दाहसंस्कार गरिएको परिवारजनले जनाएका छन् । उनको आमाको निधनको खबरले महादेवा गाउँपालिका पार्टी पक्ति स्तब्ध एवं मर्माहत भएको पार्टी श्रोतले जनाएको छ । दुःखद घडीमा स्वर्गीय आमाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा धैर्य धारण गर्न तथा शोक सन्तब्य परिवारजनमा हार्दिक समवेदना प्रकट गरिएको छ ।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, कदमाहा, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money CHAUDHARY GROUP


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*